आर्थिक वर्ष २०८१/०८२

# नीति तथा कार्यक्रम २०८१

## के आई सिंह गाउँपालिका

डोटी जिल्ला

सुदुरपश्चिम प्रदेश

२०८१

**सभामा पेश भएको मिति:**
**२०८१।०३।०९**

सभाबाट स्विकृत भएको
मितिः२०८१।०३।१०
प्रस्तुत कर्ता: लोकेन्द्र बहादुर शाही
(अध्यक्ष)

**गाउँ सभा सदस्य ज्यूहरु,**

विश्व आर्थिक मन्दीबाट गुज्रीरहेको अवस्थामा त्यसको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव नेपालको अर्थ व्यवस्था र यहाँको समग्र आर्थिक परिसुचकमा समेत परेको तितो यथार्थ तपाँई हामी सामु जगजाहेर नै छ । विभिन्न आर्थिक कठिनाई र प्रतिकुलताका बीच आज यस के.आई.सिंह गाउँपालिकाको गरिमामय पन्धौँ गाउँ सभामा आगामी आ.व २०८१/०८२ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

सर्वप्रथम म नेपाल राष्ट्रको रक्षा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना एवंम मुलुकको सर्वाङ्गिण विकास, समृद्धि र अग्रगमनको लागि विभिन्न समयमा भएका राजनीतिक क्रान्ती सशस्त्र संघर्ष एंवम आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

नेपालको संविधानले निर्दिष्ट गरेका मौलिक हक तथा राज्यका निर्देशक सिदान्त नीति तथा दायित्वको कार्यान्वयन गर्न तथा संघीय शासन प्रणालीलाई संस्थागत गर्न जनताको जराधार तहमा रहेर यस गाउँपालिकाले संघीय तथा प्रदेश सरकारसँग आपसी समन्वय, सहकार्य तथा सहअस्तित्व सिदान्त बमोजिम कार्य गर्दै आएको छ ।

सामाजिक आर्थिक रुपान्तरण र सुशासन प्रवर्द्धनका लागि यस गाउँपालिकाको समृद्धिको आधारका रुपमा रहेका कृषि, जलस्रोत, पर्यटन, जडिबुटी र साना तथा मझौला उद्योग व्यवसाय लगायतका क्षेत्रको विकास, विस्तार र सुदृढिकरण गर्न हामी सबै दृढ संकल्पित छौं ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

अव, म आर्थिक वर्ष २०८०/०८१ मा घोषित नीति तथा कार्यक्रम अन्तर्गत भएका उपब्धीहरुको बारेमा संक्षेपमा उल्लेख गर्न चाहन्छु ।

१. विकास तथा सुशासनका लागि कानूनी आधार तयार गर्ने सिलसिलामा आवश्यक नीति, ऐन, नियमावली, निर्देशिका,

कार्यविधि, आचारसंहिता, मापदण्ड र मार्गदर्शन निर्माण भई कार्यान्वयनमा आएका छन । भने अन्य आवश्यक कार्यविधिहरु निर्माणको चरणमा रहेका छन ।

२. स्थानीय सडकहरुको स्तरोन्ती कार्य गरिएको छ । गाउँपालिकाका सबै वडा कार्यालयहरु सडक सञ्जालमा जोडीएका छन ।

३. खानेपानी तथा सिचाई सुविधाको सुनिश्तित्ता गर्न वडा नं २ मा नारी दाडिमाटी लिफ्टिङ खानेपानी योजना र वडा नं ५ मा बोतडीसैन ब्रहमदेव बुहार लिफ्टिङ खानेपानी योजना निर्माणको कार्य प्रारम्भ गरिएको छ ।

४. यस गाउँपालिकालाई उज्यालो गाउँपालिका बनाउने अभियान अन्तर्गत सबै घरधुरीमा विधुत सेवा विस्तारका लागि नेपाल विधुत प्राधिकरण सँगको सहकार्यमा विधुत जडानको कार्य सञ्चालन भैरहेको छ ।

५. गाउँपालिकाको मूख्य प्रशासनिक भवन निर्माणको कार्य सम्पन्न हुने अवस्थामा छ ।

६. सामाजिक न्याय तथा समाबेशिता कायम गर्न तथा प्राबिधिक शिक्षामा लगानी गरी प्राबिधिक जनशक्ति उत्पादन गर्न झीमे माध्यमिक विद्यालयमा कृषि जे.टी.ए पढीरहेका विद्यार्थिहरुलाई प्रति विद्यार्थि १७ हजारका दरले प्रदान गरिदै आएको छात्रबृत्तिलाई निरन्तरता दिईएको छ ।

७. संविधान द्धारा प्रद्धत गाउँपालिकाको न्यायिक समितिको अधिकार लाई स्थानीय तहमा संस्थागत गरी न्यायिक निरोपण र मेलमिलाप लाई प्रश्रय दिन यस गाउँपालिका द्बारा सुचिकृत मेलमिलापकर्ताहरुको लागि तिन दिने पुनर्ताजगि तालिमको आयोजना गरिएको छ ।

८. गाउँपालिका अन्तर्गतका स्वास्थ संस्थाहरुबाट प्रदान गरिने स्वास्थ सेवालाई विशेषज्ञ, अत्याधुनिक र सर्वसुलभ बनाई स्वास्थ सेवामा सबै वर्ग र समुदायको सहज पहुँच सुनिश्चित गर्न मेडिकल अधिकृतको नियुक्ति गरि प्रत्येक वडा कार्यालयमा घुम्ती स्वास्थ्य सेवा सहित आम नागरिकहरुको स्वास्थ्य जाँच गर्ने गरिएको छ ।

९. के.आई.सिंह गाउँपालिकालाई पूर्ण तथा दिगो खोप सुनिश्चितता पालिका घोषणा गरिएको छ ।

१०. संस्थागत विकास तथा सुशासन प्रबर्दन गर्न गाउँपालिकाको प्रत्येक वडा कार्यालयहरुमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरेको छ ।

११. दलित सँग अध्यक्ष कार्यक्रम अन्तर्गत दलित समुदायका युवाहरुलाई सरकारी सेवाको पहुँचमा सहजिकरणको लागि शिक्षक सेवा तथा लोकसेवा आयोगका निशुल्क कक्षा संचालन गर्न गाउँपालिकाले आर्थिक दायित्व निर्वाह गरि असल एवं जिल्लामै नमुना कार्यक्रमलाई निरन्तरता दिईएकोछ ।

१२. नयाँ उद्यम सिर्जना गर्ने र युवाहरुलाई स्थानीय स्तरमै रोजगारी सिर्जना गर्नका लागि वडा नं ५ मा १७ जना र वडा नं ६ मा २१ जनालाई सावुन बनाउने तालिम प्रदान गरिएको छ ।

१३. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत बिभिन्न वडा कार्यालयहरुमा सिलाई कटाई तालिम तथा स्थानीय सामग्रीको प्रयोग गरी अचार बनाउने तालिम प्रदान गरी स्थानीय उद्यमशिलता प्रवर्द्धनको कार्य गरिएको छ ।

१४. **पञ्चबर्षिय रोजगार रणनीति (२०८१/०८२-२०८५/०८६)** तयार पारी सिप विकास, उद्यमशिलता, आन्तरिक तथा बैदेशिक रोजगारी प्रवर्द्धन सम्बन्धी कार्य अगाडी बढाईएको छ ।

१५. रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरुलाई दिगो र भरपर्दो बनाउन गाउँपालिकाको साझेदारीमा बाह्यय निर्माण

सामाग्रीहरुको प्रयोग गरी ८ वटा आयोजनाहरु सम्पन्न भई ७५ जना वेरोजगार व्यक्तिहरुले औषतमा १०० दिन बराबरको रोजगारी प्राप्त गरेका छन ।

१६. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सिप र पूँजीको सदुपयोग गरी स्वोरजगार बनाउने उद्देश्यकासाथ लगत संकलनको कार्य अगाडी बढाइएको छ ।

१७. श्रमदान कार्यक्रम अन्तर्गत श्रमको सम्मान गर्ने नीतिलाई साकार पार्न गाउँपालिकाले श्रमदानमा वडा नम्बर ४ मा पुल निर्माण, दिपायल सिलगढी नगरपालिका वडा नं ४ र के.आई.सिंह गाउँपालिका वडा नं. ५ जोडने तुस्यात खोलामा सडक ढलान, वडा नं ५ मा पक्की बाटो निर्माण र चौतारो निर्माण का साथै वडा नं. ६ र ७ मा सडक मर्मत सम्भारको कार्य गरिएको छ ।

१८. भूक्षय र खडेरीलाई न्यूनीकरण गरी पानीका मुहानको संरक्षण गर्ने उद्देश्यले भुगर्वविद डा टंक ओझाको सहयोगमा ४ वटा वडाहरुको भौगोलिक स्थितिको तथ्याङ्क संकलन गर्ने कार्य गरिएको छ ।

१९. महिलाहरुको कार्यबोझ कम गर्ने उद्वेश्यले वडा नं १ लोली र वडा नं २ तल्कोटमा कुटानी पिसानी मिल स्थापना गरी संचालनमा ल्याईएको छ ।

२०. कृषिलाई प्रविधिमैत्रि बनाई कृषि उत्पादमा वृद्धि गर्न १० जना व्यासायीक कृषि गरिरहेका किसानहरुलाई १/१ वटा हाते ट्र्याक्टर वितरण गरिएको छ ।

२१. कृषकहरुको कार्यबोझ कम गर्न गाउँपालिकाद्वारा थ्रेसर खरिद गरी सेवा प्रदान गरिएको छ ।

२२. सार्वजनिक खरिदको कार्यलाई पारदर्शि र मितव्ययी बनाउन विद्युतिय बोलपत्र प्रणाली मार्फत खुल्ला प्रतिस्पर्धा गरी कार्यालयका लागि आवश्यक औजार र सामाग्रीहरुको आपूर्ति गरिएको छ ।

२३. गरिब तथा विपन्न परिवार र एकल महिलाका लागि नमूना कृषि पालन कार्यक्रम अन्तर्गत ९ वटा समितिका १३५ जनालाई प्रति व्यक्ति २ बाख्राका दरले जम्मा २७० वटा माउ बाख्रा वितरण गरिएको छ र

नस्ल सुधारका लागि प्रत्येक समितिलाई १/१ गरी ९ वटा उन्नत जातको बोका वितरण गरिएको छ ।

२४. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत ३८ जना (हातेहोजियारी,पशुपालन र व्यवसायीक तरकारी खेती) नयाँ उद्यमी सिर्जना गरिएको छ र १८ जना उद्यमीलाई सिलाईकटाई सम्बन्धी स्तरोन्नती तालिम प्रदान गरिएको छ ।

**गाउँ सभा सदस्य ज्यूहरु,**

के.आई.सिंह गाउँपालिकाको गरिमामय गाउँ सभालाई सम्बोधन गर्दै आ.व. २०८१/०८२ को ***वार्षिक नीति तथा कार्यक्रम*** प्रस्तुत गर्न पाउँदा मलाई खुसी लागेको छ ।

लोकतान्त्रिक प्रणालीको अवलम्बन,सामाजिक न्याय र समाबेशिता, कानुनको पुर्ण पालना, पारदर्शिता, जनता प्रतिको पूर्ण जवाफदेहिता, ईमान्दारिता, प्रतिबद्धता र सुशासन यस *सरकारका आदर्श* मूल्य मान्यताको रुपमा रहेकाछन् ।

नागरिकलाई घर घरमा सरकारको महुशुस दिलाउने सबै भन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारले विकास निर्माणमा नागरिकको अर्थपूर्ण सहभागितालाई जोडदिदै तिनका ईच्छा आकाक्षाहरुको संम्बोधन गर्न स्थानीय श्रोत साधनको अधिकतम प्रयोगमा जोड दिनेछ । दिगो विकासका लक्ष्यहरुलाई सार्थक तुल्याउन संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सबै प्रकारका वित्तिय श्रोतसाधनहरुको मितव्ययी र दिगो प्रतिफल प्राप्त गर्ने नीति अवलम्बन गरिनेछ ।

आर्थिक वर्ष २०८१।०८२ को नीति तथा कार्यक्रम तर्जमा गर्दा मुलतः निम्न दस्तावेज तथा मार्गदर्शनलाई आधारको रुपमा लिईएको छ ।

१. नेपालको संविधान
२. स्थानीय सरकार संचालन ऐन २०७४
३. राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन २०७४
४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४
५. नेपाल सरकारको आर्थिक वर्ष २०८१।०८२ को बजेट बक्तव्य

६. सुदुरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८१।०८२ को बजेट बक्तव्य
७. दिगो विकासका लक्ष्यहरु
८. राष्ट्रिय योजना आयोगका विभिन्न योजनाहरु
९. नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त सबै अनुदान र मार्गदर्शनहरु
१०. के.आई.सिंह गाउँपालिकाको आन्तरिक श्रोत
११. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन

**गाउँपालिकाको दिर्घकालिन सोच:**

**"सामाजिक समुन्नतीको आधारः आर्थिक वृद्धि र दिगो पूर्वाधार"** भन्ने मुल नाराका साथ के.आई.सिंह गाउँपालिकामा सुशासन, गरिवीनिवारण र रोजगारीको सुनिश्तित्ताको प्रत्याभूति गराउने ।

**लक्ष्यः**

मासु तथा दुग्धजन्य पदार्थको उत्पादनमा विषेश जोड दिदै स्थानीय स्तरमै रोजगारीको सुनिश्चित्तता गरी स्थानीय स्रोत साधनको अधिकतम उपयोग मार्फत आर्थिक वृद्धिको लक्ष्य हासिल गर्दै गाउँपालिकाको समग्र सामाजिक र आर्थिक विकासमा जोड दिने ।

**उद्देश्य :**

क. आर्थिक वृद्धिको प्रमुख आधारका रुपमा रहेको कृषि क्षेत्रलाई व्यवसायीक बनाउदै स्वदेशमै रोजगारीको अवसरहरु सिर्जना गर्नु,
ख. यस गाउँपालिकामा भएका ऐतिहाँसिक तथा पुरातात्विक सम्पदाहरुको प्रचारप्रसार गरि आन्तरिक तथा बाह्य पर्यटक प्रवर्दन मार्फत आर्थिक बृद्धि र विकास हाँसिल गर्नु,
ग. फोहोरमैला व्यवस्थापन तथा पछिल्लो समयमा बढ्दै गएको प्लायस्टिकजन्य फोहोरमैला व्यवस्थापनको उपयुक्त व्यवस्था गर्नु,
घ. विकासलाई प्रकृतिमैत्रि बनाई वातावरणिय अनुकुलनको नीति अवलम्बन गरी वातावरणमैत्री विकासको मान्यतालाई अघि बढाउनु ,

ङ. रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान गरी न्युनतम रोजगारीको प्रत्याभूति गर्न श्रम बजारको माग अनुसारको जनशक्ति तयार गर्नु ,

च. सार्वजनिक सेवालाई छिटो, छरितो र सबैको पहुँच योग्य बनाउन घुम्तिसेवा संचालन गरी जनताको नजिकको सरकारको रुपमा रहेको स्थानीय सरकारको सेवा प्रवाहलाई थप व्यवस्थित र प्रभावकारी बनाउनु ।

**अब म विषयगत क्षेत्रसँग सम्बन्धित नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

## आर्थिक विकास सम्बन्धी नीति

### कृषिः

१. विभिन्न बालीका साना उत्पादन केन्द्र(पकेट क्षेत्र) संचालन गरि एक गाउँ एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिदै लोपोन्मुख तथा रैथाने बाली संरक्षण ,सम्बर्द्धन तथा प्रवर्द्धन कार्यका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

२. कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमि व्यवस्थापनका लागि आवश्यक  कदम चालिनेछ ।

३. खेतियोग्य जमिनमा सिचाई सुविधाको पहुँच सुनिश्चित गर्न भौतिक संरचना निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

४. बाझो जमिनमा उत्पादन हुने बालीहरुको पहिचान गरि सम्भावित क्षेत्रहरुमा फलफूल तथा नगदेबाली,मसलाबाली र दलहन खेतिलाई प्राथमिकतामा राखि कार्यक्रम तय गर्ने नीति लिईनेछ ।

५. कृषकहरुलाई खाद्यन्न बाली उत्पादन तर्फ प्रोत्साहित गर्दै, जग्गाको चक्लाबन्दि, कृषि व्यवसयिकरण र आधुनिकिकरण मार्फत प्रमुख कृषि बस्तुहरुको क्षेत्रफल र उत्पादकत्व बृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

६. कृषिजन्य उत्पादनका लागि आवश्यक उत्पादन सामाग्रिहरुको व्यवस्था मिलाई सोको उत्पादन, भण्डारण र बजारीकरणको अनुगमन र नियमन गरी मूल्य श्रंखलामा आधारित कृषि व्यवसाय विकास गर्दै आयआर्जनमा वृद्बी तथा रोजगारी सृजनामा जोड दिईनेछ।

७. एक जनप्रतिनीधि पाँच फलफूलको बिरुवा उत्पादनको नीतिलाई निरन्तरता दिईनेछ ।

८. कृषि क्षेत्रमा जलवायु परिवर्तनको असर न्युनिकरणका लागि सुख्खा क्षेत्रमा रिचार्ज पोखरीको अवधारणालाई सार्थकता दिन स्थानीयहरुको साझेदारीमा

एक वडामा कम्तिमा दुई वटा रिचार्ज पोखरीहरु निर्माण गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

९. के.आई.सिंह गाउँपालिका भित्रका उत्कृष्ट कृषकहरुलाई पुरस्कार तथा प्रोत्साहान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१०. विपन्न परिवारहरुका लागि आयआर्जनमुलक क्रियाकलाप संचालन गर्न विपन्न नागरिक सँग गाउँपालिका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११. बालि बिमा कार्यक्रमलाई संचालनमा ल्याईनेछ । उक्त कार्यक्रम अन्तर्गत प्रिमियमको ५०% अनुदान के.आई. सिंह गाउँपालिकाले व्यवस्थापन गर्ने छ ।

१२. बालीनालीमा लाग्ने रोग किराको प्रकोप व्यवस्थापन गर्न बाली संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३. कृषि प्रविधिमा कृषकहरुको पहुँच अभिबृद्धि गर्दै वैदेशिक रोजगारीबाट फर्किएका युवाहरु र कृषि विषय अध्ययन गरेका प्राविधिकहरुलाई कृषि कार्यमा सहभागी हुन प्रोत्साहित गरिनेछ । त्यसका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

१४. वितरणमुखि कार्यक्रमहरुलाई न्युनिकरण गरी मागमा आधारित लागत साझेदारीलाई प्रोत्साहान गर्दै व्यवसायीक उत्पादनमा जोड दिईनेछ ।

१५. गाउँपालिका भित्र रहेको कृषि योग्य जमिनको तथ्याङ्क संकलन,अभिलेखिकरण र विश्लेषण गरी आवश्यकताका आधारमा कृषि पूर्वाधारहरुको विकासका लागि क्रियाकलापहरु संचालन गरिनेछ ।

१६. व्यावसायीक बालिलाई प्राथमिकतामा राखि उत्पादन र उत्पादकत्व वृद्धि गर्न उन्नत बिउ,मल तथा सिचाई सुविधाको विस्तार गरी सघनिकृत उत्पादनमा जोडदिने नीति अवलम्वन गरिनेछ ।

१७. राजपुर बोगटान सडक खण्डमा रोड करिडोर व्यवसायिक तरकारी उत्पादन विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।

१८. गाउँपालिका भित्र व्यवसायीक रुपमा कृषि उत्पादन गरि रहेका कृषकहरुको उत्पादन सामाग्रीलाई बजारीकरण गर्नका लागि

गाउँपालिकाले सहुलितमा ढुवानी सेवाको उपलब्धता गराने नीति अवलम्बन गरिनेछ ।

**पशुपन्छीः**

१. गाउँपालिकालाई दुग्ध र मासुमा आत्मनिर्भर बनाउनका लागि आवश्यक कार्यक्रम संचालन गरी त्यसको दिगोपनाको सुनिश्चित्ता गरिने नीति अवलम्बन गरिनेछ ।
२. पशुपन्छी सम्बन्धी रोगको उपचार, परामर्श र औषधिको व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
३. पशुपन्छी सम्बन्धी बिमा कार्यक्रमलाई प्राथमिकतामा राखि यसका लागि आवश्यक बजेटको व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।
४. कृत्रिम गर्भाधान तथा नश्ल सुधार कार्यक्रमलाई कार्यान्वयन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
५. व्यवसायिक रुपमा पशुपालन गर्ने कृषकहरुलाई घास खेती गर्न प्रोत्साहान गरिनेछ ।
६. मत्स्य पालन व्यवसायीलाई पोत्साहान गर्ने नीति अवलम्वन गरिनेछ ।
७. रेम्बो ट्राउट माछा पालन कार्यक्रमको थालनी गरिनेछ । यसका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
८. भैसी पालन कार्यक्रमलाई प्रोत्साहित गर्न सुत्केरी भैसी भत्ता कार्यक्रम संचालन गरिनेछ ।

**सहकारीः**

१. **गाउँ गाउँमा सहकारी, घर घरमा रोजगारी** भन्ने नारालाई सार्थकता प्रदान गर्न स्थानीय सहकारी ऐन मार्फत र स्थानीय तहमा हस्तान्तरण भईसकेका सहकारी संस्थाहरु र दर्ता हुन आउने संस्थाहरुको संचालन,नविकरण,नियमन र खारेजी गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
२. दशैँ तिहार जस्ता चाडपर्वका वेला सहुलियत दरमा उपलब्ध गराउँदै आएको नुन, चिनी वितरणलाई अझै व्यवस्थित गर्दै निरन्तरता दिईनेछ ।

३. सहकारीमा संलग्न सरोकारबालाहरुको पहुँच अभिवृद्धीका लागि सहकारी र निजी क्षेत्र सँगको सहकार्यमा कृषि बिउबिजन,रसायनिक मल लगायतका कृषिसँग सम्बन्धित साम्राग्रीहरु वितरण गर्न आवश्यक समन्वय गर्ने नीति लिईनेछ ।

**उद्योगः**

१. गाउँपालिका भित्र घरेलु तथा साना उद्योगको विस्तार गरिनेछ । स्थानीय सीप, स्रोत र साधनलाई प्रयोग गरी अल्लो, ढाका, बास, निगालो, तथा कपास जस्ता उत्पादन गर्ने लक्षित वर्गलाई दिईदै आएको अनुदानलाई निरन्तरता दिईनेछ ।
२. यस गाउँपालिका भित्र रहेका मझौला, घरेलु तथा साना *उद्योगहरुको विवरण अद्यावधिक* गरी तिनको संरक्षण र सम्बर्द्धनमा जोड दिईनेछ ।

**रोजगार प्रवर्द्धनः**

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सिपयुक्त दक्ष जनशक्ती,रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रम सँग आवद्ध गरी यथार्थ उत्पादनमुलक रोगजारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।
२. युवा लक्षित स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गरी स्थानीय उद्यमशिलतालाई जोड दिने कार्यक्रमहरुलाई मुख्य प्राथमिकतामा राखिनेछ ।
३. वैदेशिक रोजगारीको अनुभव प्राप्त गरी स्वदेश फर्केका मानव संशाधनलाई स्वरोजगारमूलक, आयमूलक तथा उत्पादनमूलक उद्योग, सेवा तथा व्यवसायमा आकर्षित गरिनेछ ।
४. ***" जग्गा नराखौ बाँझो, हाम्रै हातमा छ उत्पादनको साँचो "*** स्वावलम्बन अभियानलाई निरन्तरता दिदै बेरोजगार युवाहरुलाई दैनिक ज्यालाको रुपमा काम गराइ खाद्यान्न उत्पादन तथा बजार व्यवस्थापन गरिने छ ।
५. कामको सम्मान, स्वरोजगार, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षणसहितको श्रम व्यवस्थापन यस गाउँपालिकाको नीति हुनेछ ।

६. गाउँपालिका भित्र आन्तरिक रोजगारीका क्षेत्रहरुको पहिचान गरी रोजगारदाता र सरोकारवालाहरुको नक्सांकन गरिनेछ ।
७. रोजगार सेवा केन्द्रलाई सूचना विनिमय बैंकको रुपमा तयार पारिनेछ ।
८. वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई अभिमुखीकरण गरी छोटो अवधीको सिपमुलक तालिम संचालन तथा श्रम स्वीकृति सम्बन्धी अनलाईन माध्यमबाट फारम भरी सहजीकरण गरिनेछ ।
९. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान,सिप तथा प्रविधिको तथ्याङ्क संकलन गरी उत्पादनसिल रोजगारीमा प्रयोग गरिनेछ ।
१०. रोजगारमुलक सेवाको बारेमा जानकारी गराउन विद्यालयमा अध्ययन गरीरहेका बालबालिकाहरुलाई विभिन्न किसिमका सिप विकास तालिम र Career counselling बारे अभिमुखीकरण गरिनेछ ।

## गरिबी न्युनीकरणः

१. सामाजिक, आर्थिक र राजनितिक रुपमा पछाडि परेका दलित समुदायहरुको शिक्षा, स्वास्थ्य जस्ता आधारभुत आवश्कताहरु र आयआर्जनको सुनिश्चित्ता गर्न **दलितसँग अध्यक्ष कार्यक्रम** लाई निरन्तरता दिइएको छ । दलित सँग अध्यक्ष कार्यक्रम अन्तर्गत लोकसेवा/ शिक्षक सेवाका तयारी कक्षा संचालन र आयआर्जन मूलक सिप विकास कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।
२. आदिवासी जनजाति, अल्पसंख्यक, विपन्न परिवार, फरक पहिचान र क्षमता भएका व्यक्ति वा समुदायको उत्थानका लागि लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।
३. यस के.आई.सिंह गाउँपालिका भित्र रहेका सुकुम्बासी परिवारहरुको लगत तथा तथ्याङ्क संकलन गरी तिनको व्यवस्थापनका लागि आवश्यक नीति अबलम्बन गरिनेछ ।

## पर्यटनः

१. पर्यटकीय गन्तव्य स्थलको रुपमा पहिचान गरिएका ठाउँहरुमा पूर्वाधार निर्माण गरी पर्यटन व्यवसायमा लगानी गर्न सहकारी र निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

२. डोटी जिल्लाका ऐतिहाँसिक, साँस्कृतिक र पुरातात्विक महत्व बोकेका सम्पदाहरुको खोज, अनुसन्धान र सामाग्री संकलन गरि के.आई.सिंह संग्रहालय लाई आगामी आर्थिक वर्षमा सञ्चालनमा ल्याईने छ ।
३. के.आई.सिंह गाउँपालिकाका ऐतिहासिक तथा पर्यटकीय क्षेत्रहरु छत्रेश्वर-पिलेकाँडा-ओझाखर्क-गणेश काँडा-के.आई.सिंह संग्रहालय जोड्ने पदमार्ग र छत्रेश्वर पिकनिक स्थलमा वि. पि. बाटिकाको निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
४. यस गाउँपालिका लाई प्रर्यटकिय गन्तव्यको रुपमा विकास गर्न यहाँ भएका पर्यटकिय स्थल, सम्पदा, सँस्कृति आदिको प्रचारप्रसार गरिनेछ ।
५. के.आई.सिहं गाउँपालिका, दिपायल सिलगढी नगरपालिका र शिखर नगरपालिकासँगको समन्वयमा सेती नदिमा रयाफटीङ्गका लागि सम्भाव्यता अध्ययन गरि रयाफटिङ्ग सेवा संचालनका लागि आवश्यक समन्वय गरिनेछ ।
६. आन्तरिक एवंम बाह्य पर्यटन प्रवर्द्धनका लागि वडा नं १ गणेशकाँडामा होमस्टे संचालन तथा व्यवस्थापन गर्नका लागि स्थानीयहरुलाई अवलोकन भ्रमण तथा तालिम संचालन गर्न आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

**राजश्वः**

१. गाउँपालिकाको राजश्व संकलनको क्षेत्रहरु पहिचान गरी राजश्व अभिवृद्धि गर्न राजश्व सुधार योजना निर्माण गरी लागु गरिनेछ ।
२. कुनैपनि योजनाहरुको सम्झौता गर्नु अगावै उपभोक्ता समितिका पदाधिकारी एवंम योजनाबाट लाभाम्वित उपभोक्ताहरुलाई आफुले व्यक्तिगत रुपमा बुझाउनुपर्ने सम्पति कर,व्यवसाय कर र घर जग्गा बहाल कर लागायत निजको दायित्वमा रहेका कर, शुल्क, दस्तुर आदि तिर्न प्रोत्साहान गरिनेछ ।
३. अपाङ्ग, असहाय, अशक्त, दैविक प्रकोप पिडीत, द्वन्द्व पिडित, जेष्ठ नागरिक र एकल महिलाका विषयमा हुने सिफारिसहरु निशुल्क गरिनेछ ।

४. कर डर होईन गाउँ विकासको भर हो भन्ने तथ्यलाई आत्मसाथ गर्दै गाउँपालिकाको मेरुदण्डको रुपमा रहेको राजश्व वृद्धि गर्न करका दरमा वृद्धि गर्नु भन्दा कराधारमा वृद्धि गर्ने नीतिलाई निरन्तरता दिईएकोछ ।
५. गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न यस क्षेत्रमा स्थापना भएका सम्पूर्ण उद्योग तथा व्यावसायहरुलाई दर्ता गरि करको दायरामा ल्याईने छ ।
६. राजश्व संकलन कार्यलाई थप सुदृढिकरण र आधुनिकिकरण गर्दै राजश्व चुहावट लाई पूर्णरुपले नियन्त्रण गरिनेछ । साथै वडा कार्यालयहरु बाट संकलन भैरहेको भुमिकर अर्थात मालपोत संकलन कार्यलाई थप व्यवस्थित गरिदै लगिनेछ ।
७. राजश्व शाखाको संस्थागत सबलिकरण र आधुनिकिकरण गरिनेछ साथै यस शाखामा कार्यरत जनशक्तिको क्षमता विकासको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
८. आन्तरिक राजश्वको क्षमता अभिबृद्धि गर्न नागरिक समाज, बन उपभोक्ता समिति, तथा यस गाउँपालिकाको क्षेत्र भित्र पर्ने बन, खानी तथा खनिज तथा नदिजन्य पदार्थहरुको निश्चित मापदण्ड र कार्यविधी तर्जुमा गरि राजश्व संकलन गर्ने नीति लिईने छ ।

**न्यायीक समिति एवंम न्याय सम्पादनः**

१. न्याय सम्पादन ढिलो हुनु, न्याय नपाउनु सरह हो भन्ने कानूनी सिद्धान्तलाई अंगिकार गर्दै गाउँपालिकाको न्यायीक समितिबाट छिटो छरितो र सर्वसुलभ न्याय सम्पादन गर्ने कार्यलाई विशेष जोड दिईनेछ ।
२. न्यायीक समिति मार्फत समाधान गर्न सकिने कानूनमा व्यवस्था भए बमोजिमका स्थानीय विवादका विषयहरु निरुपण गर्न गाउँपालिकामा सूचिकृत मेलमिलापकर्ताहरुको माध्यमबाट मेलमिलाप गर्न प्रोत्साहित गरिनेछ ।
३. न्यायिक इजलासलाई व्यवस्थित गर्न एक कर्मचारी सहितको न्यायिक इजलास कक्ष गठन गर्दै स्थानीय तहमा न्यायसम्पादनलाई चुस्त, दुरुस्त र अनुमानयोग्य तुल्याउन आवश्यक रणनीति, कार्यनीति अवलम्बन गरिनेछ ।

४. न्यायिक समितिको संस्थागत सुदृढीकरण र न्यायिक समितिमा कार्यरत पदाधिकारी तथा जनशक्तिको क्षमता विकासको लागि आवश्यक नीतिको प्रबन्ध र पुर्नताजगि तालिमको सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
५. माध्यमिक तहका विद्यार्थिहरुलाई नमूना संसदिय अभ्यास सम्बन्धी कार्यक्रम संचालन गरी न्याय प्रक्रियाको जानकारी र न्यायिक सचेतना अभिवृद्धिका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

**पूर्वाधार विकासः**

१. गाउँपालिकामा हुने भौतिक पूर्वाधार निर्माणमा स्थानीय सामाग्रीको प्रयोगलाई जोड दिने नीति अवलम्बन गरिनेछ ।
२. स्थानीय संस्कृति झल्कने परम्परागत सम्पदाहरुको संरक्षणको नीति अवलम्बन गरिनेछ ।
३. गाउँपालिका भित्र रहेका स्थानीय सडकहरु सधैभरी निर्वाध रुपमा संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
४. मुरेडा-अल्लेवन-लोली-घाटलाय हुदै नारीदाङ जोडने सडक, देवस्थल देखि डोडर सडक, बलरगाउँ महतगाउँ सडक र देउरडी देखि बागनेटे सडक स्तरोन्नती गर्नका लागि आवश्यक पहल गरिनेछ ।
५. गाउँपालिका क्षेत्रमा रहेका सडकलाई वर्षैभरी सञ्चालन गर्नका लागि सडक मर्मत सम्भार समूह (Road Maintenance Group) परिचालन गरी सडक मर्मत तथा स्तरोन्नति गरिनेछ ।
६. के.आई.सिंह गाउँपालिका भित्र रहेका सार्वजनिक सम्पतिहरुको संरक्षण एवम सम्बर्दनका लागि मर्मत सम्भार कोषलाई निरन्तरता दिईनेछ ।
७. चालु आ.ब. २०८०।०८१ मा सम्पन्न हुन नसकेका र क्रमागत योजना तथा कार्यक्रमहरुलाइ बजेटमा समेट्ने निति लिइनेछ ।
८. नेपाल विद्युत प्राधिकरण सँगको समन्वय र सहकार्यमा के.आई.सिहं गाउँपालिका भित्रका सबै घरधुरीहरुलाई सत प्रतिशत विधुतिकरण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
९. गाउँपालिका भित्र आवश्यक गर्ने ठाउँमा सार्वजनिक शौचालय निर्माणका लागि बजेट विनियोजन गरिनेछ ।

## सूचना तथा संचार प्रविधिः

१. नागरिकहरुमा सूचनाको पहुँच विस्तार गर्न गाउँपालिकाका हरेक क्रियाकलापहरुलाई वेबसाईट एवंम सामाजिक संञ्जाल मार्फत सार्वजनिकिकरण गरिनुका साथै गाउँपालिकाबाट प्रदान गरिने सेवाहरु सूचना प्रविधिमैत्रि बनाउदै लगिनेछ ।
२. डिजिटल के.आई.सिंह गाउँपालिकाको अभियानलाई साकार तुल्याउन प्रत्येक वडाहरुमा जडान गरिएको इन्टरनेट सेवाको दिगोपनालाई प्राथमिकतामा राखिनेछ ।
३. शैक्षिक क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई समायोजन गर्दै तालिम तथा शैक्षिक गुणस्तर अभिवृद्धिको लागि विशेष कार्यक्रमहरु तर्जुमा गरी लागू गरिनेछ ।
४. डिजिटल नोटिस बोर्ड, LED नोटिस बोर्डको प्रयोगमा जोड दिई गाउँपालिकामा भइरहेका विभिन्न गतिविधिहरु निरन्तर अद्यावधिक गरिनेछ ।
५. डोटि जिल्ला भित्रका स्थानीय संचार माध्यमहरुको समता मुलक एवंम संस्थागत विकासका लागि स्थानीय संचार माध्यम प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिईएको छ ।
६. सूचना प्रविधिमा आधारित उद्योग तथा "Startup Program" लाई उद्यमसिलता सँग आवद्ध गरी गाउँपालिका भित्रका स-साना उद्योग तथा व्यवसायलाई स्थापना तथा संचालन गर्न Startup Fund को स्थापना गरि आवश्यक अनुदान तथा सहुलियतको व्यवस्था गरिनेछ ।

## खानेपानी व्यवस्थापनः

१. गाउँपालिका भरी स्वच्छ र सफा खानेपानीको व्यवस्था गर्न ***एक घर, एक धारा*** को नीतिलाई निरन्तरता दिईनेछ ।
२. खानेपानी आयोजनाहरु सञ्चालन गर्दा विगतमा सुरु गरिएका क्रमागत आयोजनाहरुलाई प्राथमिकतामा राख्दै थप सम्भावना र आवश्यकतालाई मध्यनजर गरी कार्यक्रम तर्जूमा गरिनेछ ।
३. ऐतिहाँसिक र धार्मिक महत्व बोकेका पुराना ढुङ्गे धाराको जगेर्ना र संरक्षण गर्न ढुङ्गेधारा संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

४. गाउँपालिका भित्र रहेको खानेपानी समस्यालाई समाधान गर्न सरोकारबालाहरुको साझेदारीमा खानेपानी पूर्वाधार निर्माणका लागि आवश्यक कार्यक्रमहरु तर्जमा गरिनेछ ।
५. गाउँपालिकामा निर्माण भइ सन्चालनमा रहेका खानेपानी आयोजनाहरुको संरक्षण र सम्बर्द्धन गर्न स्थानीय सरोकारबालाहरुको सहभागीता वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ । साथै नयाँ पानिका मूलहरुको पहिचान गरी खानेपानीका मूलहरुको संरक्षणका लागि वृक्षारोपण र Recharge पोखरीहरु निर्माण गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
६. गाउँपालिकामा निर्माण हुने खानेपानीका संरचनाहरु बालमैत्री र अपांगतामैत्री बनाउदै लगिनेछ ।

**सार्वजनीक, सहकारी निजी साझेदारीः**

१. के.आई.सिंह गाउँपालिकाले आ.व. २०८१/०८२ मा विभिन्न विषय ,क्षेत्रगत कार्यक्रमहरु सञ्चालन गर्दा सहकारी र निजी, गैर सरकारी तथा अन्य गाउँपालिका वा स्थानीय सरकार सँग आवश्यक समन्वय र साझेदारी गर्न सक्नेछ ।
२. यस गाउँपालिका भित्र स्थापना भई संचालनमा रहेका बैंक, लघु वित्त तथा सहकारी संस्थाहरु सँग आवश्यक समन्वय गरि आफ्नो लाभबाट प्राप्त रकमको केहि अंश तथा कर्जा प्रवाहलाई कृषि, उद्योग, पर्यटन लगायतका उत्पादनमुलक क्षेत्रमा प्रवाह गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

**भवन तथा भवन संहिताः**

१. के.आई.सिंह गाउँपालिकामा नयाँ निर्माण हुने भवनहरु भवन आचार संहिता मापदण्ड पुरा गरी गाउँपालिकाबाट अनुमति लिएर निर्माण गर्नु पर्नेछ । अन्यथा के.आई.सिंह गाउँपालिकाबाट उपलब्ध गराइने भवन पूर्वाधार सम्बन्धी सेवा सुविधाबाट बञ्चित गराइनेछ ।
२. के.आई.सिंह गाउँपालिकाबाट स्वच्छ, हराभरा, स्वस्थ्य तथा दीगो शहरी विकासको लागि भवन निर्माण मापदण्ड लागु गरिनेछ ।नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन -

२०७२ लाई सार्वजनिक भवनहरुमा अनिवार्य लागु गरिनेछ भने नीजी भवनहरुमा क्रमिक रुपमा लागु गरिनेछ ।

**भू – उपयोगः**

१. के.आई.सिंह गाउँपालिकाले समग्र भूमिलाई आधारभूत रुपमा कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, धार्मिक वन क्षेत्र, साँस्कृतिक तथा पुरातात्विक क्षेत्र, पर्यटन क्षेत्र, नदी तथा तालतलैया क्षेत्र, वन क्षेत्र, सार्वजनिक उपयोग तथा खुला क्षेत्र, निर्माण सामाग्री (ढुंङगा, बालुवा गिट्टी) उत्खनन क्षेत्र लगायतका विभिन्न भू-उपयोगका क्षेत्रहरु (Land Use Zone) मा वर्गीकरण गरिनेछ ।
२. कृषियोग्य भूमिको गैर कृषि प्रयोग, कृषि भूमिलाई बाँझो राख्ने प्रवृति र अनियन्त्रित खण्डिकरणलाई निरुत्साहित गर्दै कृषियोग्य भूमिको समुचित उपयोग एवम् संरक्षण सुनिश्चित गरिनेछ ।
३. स्वच्छ, सुन्दर, सुविधा सम्पन्न तथा सुरक्षित बस्ती विकास र योजनावद्ध एवं दिगो शहरीकरण सुनिश्चित गरिनेछ ।
४. वन तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण एवम् समुचित उपयोग सुनिश्चित गरिनेछ ।
५. भू- उपयोग योजना सम्बन्धी सूचना विकास गरिनेछ ।

**वन,वातावरण तथा विपद व्यवस्थापनः**

**वन वातावरणः**

१. वन क्षेत्रको संरक्षणका लागि सामुदायीक बन उपभोक्ता समितिहरु र स्थानीय सरोकारवालाहरु सँगको सहकार्यलाई प्राथमिकतामा राखि आवश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ ।
२. के.आई.सिंह गाउँपालकाको क्षेत्रभित्र पर्ने तुस्यार खोला देखि बासुदेवी सम्म निर्माणसम्पन्न भएको सडकमा दाँयाबाँया विरुवाहरु रोप्न **हरित सडकको अवधारणालाई** निरन्तरता दिईनेछ । यसका लागि सम्वन्धित क्षेत्रमा पर्ने सामुदायीक वनहरुको सहयोग र परिचालनमा जोड दिईनेछ ।
३. के.आई.सिंह गाउँपालिकाको समृद्धिको लागि वन जंगलको सदुपयोग गर्ने नीति अगाडि बढाइनेछ । वैज्ञानिक वन व्यवस्थापनको कार्यक्रम

अन्तर्गत वनजन्य पदार्थ उत्पादन र सदुपयोग गर्ने कार्यक्रम अघि बढाइनेछ ।

४. वन संरक्षण कार्यक्रमलाई उत्पादन र आय आर्जन सँग जोडि रिठ्ठा, आपँ, निगालो,बास जस्ता वन पैदावरहरु संरक्षण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५. वन पैदावरमा आधारित उद्योग स्थापना गर्न चाहने युवा व्यवसायी वा नयाँ उद्यमीलाई प्रोत्साहान गर्न गाउँपालिकाबाट अनुदानको व्यवस्था गरिनेछ ।

६. सार्वजनिक निर्माणका कार्यहरुलाई दिगो विकास सँग आवद्ध गरि हरित निर्माण र हरित गाउँपालिकाको अवधारणा कार्यान्वयनमा ल्याईनेछ ।

७. जडीबुटीको व्यवसायीक खेतिको सम्भाव्यता अध्ययन गरी यस गाउँपालिका क्षेत्र भित्र पर्ने औषधियुक्त जडीबुटीहरुको पहिचान गरि तिनको संरक्षणमा विशेष जोड दिईनेछ ।

८. वातावरण संरक्षणको लागि वैकल्पीक उर्जा (वायो ग्यास,सुधारिएको चुलो,सौर्य उर्जा र विधुतिय चुलो) जडानलाई प्रोत्साहान गर्ने नीति ल्याईनेछ ।

**९.** वन्यजन्तु शिकारका गतिविधिहरुलाई कडा निगरानी राखी कानूनी कारबाहीको दायरामा ल्याइनेछ ।

१०. वातावरण प्रदुषण न्युनिकरणका लागि विषेश कार्यक्रमहरु तजुमा गरी लागु गरिनेछ । धुवाँ रहित गाउँपालिकाको अवधारणालाई कार्यान्वयन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

११. के.आई.सिंह गाउँपालिका भित्र वातावरण संरक्षण र सन्तुलनको लागि एक घर पाँच विरुवा रोप्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ । सबैभन्दा बढी विरुवा रोप्ने र हुर्काउने घर परिवारलाई विशेष सम्मान र पुरस्कार प्रदान गरिनेछ ।

**जलाधार संरक्षणः**

१. जनताको खानेपानीमा पहुँच सुनिश्चित गर्न स्वच्छ खानेपानीको मुहानहरु पहिचान तथा खोजी गरी पानीका मुहानहरुको संरक्षण गरिनेछ । एक टोल एक पोखरीको अवधारणालाई निरन्तरता दिईनेछ ।

२. पानीका मुहान वरिपरी वृक्षारोपण र सरसफाई अभियान संचालन गरिनेछ । यसका लागि लाभग्राहि सँगको सहकार्यमा गाउँपालिकाले आवश्यक कार्यक्रमहरु तर्जमा गर्नेछ ।
३. पानीका मुहानहरुमा विषादिको प्रयोग गर्ने र पानीका श्रोतहरुमा अव्यवस्थित रुपमा फोहर फाल्ने प्रबृत्तिलाई निरुत्साहित गर्न जनपरिचालन गरिनेछ ।
४. गाउँपालिका तथा अन्य वडा कार्यालयमा विगत आर्थिक वर्षहरुमा संघ प्रदेश तथा स्थानीय तहको आर्थिक सहयोग र लगानीमा निर्माण भएका खानेपानी योजनाहरुको मर्मत संम्भारको लागि बनेको मर्मत संम्भार कोषलाई निरन्तरता दिईनेछ ।

**विपद् व्यवस्थापनः**

१. दैविक प्रकोपबाट प्रभावित गरिब,सुकुम्बासी असहाय व्यक्ति र समूहहरुको पहिचान गरी राहत र उद्धारका कार्यहरु संचालन गरिनेछ ।
२. विपद् व्यवस्थापन तथा राहात कोषको रकम वृद्धी गरिनेछ ।
३. विपदबाट हुने घटनाहरुमा उद्धार कार्य गर्न,क्षतिको संकलन गर्न, राहात वितरण र पूनः स्थापनका लागि गाउँपालिका स्तरिय तथा वडा स्तरिय दुर्त उद्धार समिति (Rapid Rescue Team) को परिचालनलाई थप व्यवस्थित बनाईनेछ ।
४. प्राकृतिक तथा मानव सृजित विपद तथा जोखिमहरुबाट मानव समुदायमा पर्ने प्रभावहरुलाई न्यूनकरण गर्न विपद उत्थानसिलता तथा विपद् अनुकुलनका कार्यक्रमहरु संचालन गरि के आई सिंह बासि र यस क्षेत्रका ऐतिहासिक धार्मिक तथा पुरातात्विक महत्वका सम्पदा तथा पूर्वाधारको संरक्षण तथा सम्बर्दन गरिनेछ ।
५. विपद् पूर्व तयारी, खोज तथा उद्धार गर्न राहत सामाग्रीको पूर्व भण्डारण र वितरणकामा एकरुपता ल्याईनेछ । उक्त कार्यहरुलाई प्रभावकारी बनाउन नागरिक समाज, नीजि क्षेत्र, गैर सरकारी समुदाय तथा अन्य निकाय सँग आवश्यक समन्वय गरिनेछ ।
६. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरुको परिचालन र स्थानान्तरण गर्न पहल गरिनेछ ।

## संस्थागत विकास तथा सेवा प्रवाहः

### मानव संशाधन विकासः

१. स्वास्थ्य सेवा थप प्रभावकारी र सबैको पहुँच योग्य बनाउने उद्धेश्यले वडा नं ५,६ र ७ मा एम्बुलेन्स सेवा विस्तार गरिनेछ ।

२. गाउँपालिकाको विकासको लागि उत्कृष्ट कार्य गर्ने राष्ट्सेवक कर्मचारीहरुलाई उचित पुरस्कारको व्यवस्था गरिनेछ र त्यसको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

३. गाउँपालिका भित्रका नागरिकहरुको मृत्यु भएमा अन्तिम यात्रालाई सहज र निशुल्क बनाउन आवश्य मापदण्ड बनाई लागु गरिनेछ ।

४. गाउँ कार्यपालिका र वडा कार्यालयहरुको दरबन्दी सरंचना संघीय सरकार र प्रादेशिक सरकारसँग संगठन र विकास (Organization and Management) सम्बन्धी आवश्यक समन्वय, परामर्श र साझेदारी गरिनेछ ।

५. कर्मचारी कल्याणकारी कोषको व्यवस्थालाई थप व्यवस्थित र प्रभावकारी बनाउदै लगिनेछ ।

६. आन्तरिक तथा अन्तिम लेखा परिक्षणले औंल्याएका बेरुजुहरुलाई फछ्यौट गरि शुन्य बेरुजु को नीति अवलम्वन गरिनेछ ।

७. विदयुतीय 'शासन प्रणाली (e-governance system) मार्फत गाउँपालिकाको क्षेत्रका सबै सरकारी तथा गैरसरकारी कार्यालयहरुको काम कारबाहीहरुमा प्रभावकारिता ल्याउन कर्मचारीहरुको क्षमता विकास जस्ता कार्यक्रमहरु संचालनको कार्यलाई अवलम्बन गरिनेछ ।

८. डिजिटल नागरिक बडापत्रको निर्माण गरी बडापत्रमा सार्वजनिक निकायबाट प्रवाह गरिने सबै सेवाहरुको लागत, समय, प्रक्रिया, सम्बन्धित अधिकारी र गुनासो सुनुवाई गर्ने प्रक्रियालाई निरन्तर अद्यावधिक गरिनेछ ।

### फोहोरमैला व्यवस्थापनः

१. फोहोरमैलाको व्यवस्थापन गर्न स्थानान्तरण केन्द्र(Transfer Station), ल्याण्डफिल साइट, लगायत फोहोरमैलाको संकलन, अन्तिम विसर्जन तथा प्रशोधनका लागि आवश्यक पर्ने पूर्वाधार तथा संरचनाको निर्माण तथा सञ्चालन गर्न आवश्यक नीति अवलम्बन गरिनेछ ।

२. फोहोरमैलाको उत्पादनमा कमी ल्याउने, फोहोरमैलाको उत्पत्ति हुने स्थानमा कुहिने र नकुहिने फोहोरको वर्गिकरण गरि फोहोरमैला पुनः प्रयोग, पुनः चक्रण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
३. गाउँपालिका, स्वास्थ्य चौकि र वडा कार्यालयहरु बाट निस्कने फोहरमैलाको उपयुक्त स्थानमा भण्डारण, वर्गिकरण र विसर्जनको व्यवस्था गरिने छ ।
४. गाउँपालिका क्षेत्रभित्र प्लास्टिकका झोलाको प्रयोगलाई न्यूनिकरण गर्न पुन प्रयोगमा ल्याउन सकिने जस्तै: बोरा, जुट कागज लगायत स्थानीय सामग्रीहरुको उत्पादन गर्ने संस्था अथवा व्यक्ति लाई अनुदान दिने नीति अवलम्बन गरिनेछ ।
५. वायल, वासुदेवी, लेकगडा र भूमिराजमाण्डौ बजार क्षेत्रमा फोहरमैला व्यवस्थापनका लागि डस्टपिनको व्यवस्थापन गरिनेछ साथै ति स्थानहरुमा फोहरमैला व्यवस्थापनको लागि ल्याण्डफिल साईडको स्थापना गर्न आवश्यक जग्गा प्राप्ति गर्न पहल गरिनेछ ।

**वित्तीय व्यवस्थापन र सुशासनः**

१. सार्वजनिक पद धारण गरेका व्यक्तिहरुबाट अधिकतम मितव्ययिताका साथ कार्यसम्पादन गरिनेछ ।
२. पानी, बिजुली, सञ्चार महसुल, घरभाडा, इन्धन, मर्मत, स्टेशनरी खर्च, भत्ता, तालिम, गोष्ठी, सेवा शुल्क, भ्रमण खर्च जस्ता चालू प्रकृतिका प्रशासनिक खर्चमा कटौती गर्दै पूजिगत खर्चमा बढोत्तरी गर्ने नीति लिईनेछ । साथै गाउँपालिका र वडा कार्यालयबाट खरिद गरिने मसलन्द तथा कार्यालय सामग्री, औषधी एवंम उपकरणहरु  खरिदमा ई -बिड खरिद प्रणालिको अवलम्बन गरिने छ ।
३. आगामी आर्थिक वर्ष देखि संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने समपुरक तथा बिशेष अनुदान र सशर्त अनुदानको पुँजिगत खर्च शिर्षकमा प्राप्त रकमको भाद्र महिना सम्म ठेक्का प्रक्रिया प्रारम्भ गरिने नीति अवलम्बन गरिनेछ ।
४. आय आर्जन र व्यवसाय गर्ने चिकित्सक, इन्जिनियर, वकिल, सल्लाहकार, कलाकार, खेलाडी, विभिन्न शिक्षण संस्थामा प्राध्यापन गर्ने व्यक्तिहरु लगायत सबै करदातालाई करको दायरामा ल्याइनेछ ।

५. करदाता तथा आम नागरिकका लागि सूचनामूलक एवम् सचेतना अभिवृद्धि सम्बन्धी करदाता शिक्षा कार्यक्रमलाई निरन्तर रुपमा सञ्चालन गरिनेछ । यस्तो शिक्षा, सूचना र सचेतना सम्बन्धी कार्यहरु आवश्यकता अनुसार नीजी, गैरसरकारी, उपभोक्ता हितकारी एवं पेशागत संघ संस्थाहरु समेतको सहभागिता र समन्वयमा सञ्चालन गरिनेछ ।

६. करको बारेमा जानकारी दिन स्थानीय पाठ्यक्रममा नेपालको कर प्रणाली सम्बन्धी विषय समावेश गर्न आवश्यक समन्वय गरिनेछ ।

**सार्वजनिक सुनुवाई, सामाजिक परिक्षणः**

७. के.आई.सिंह गाउँपालिकाको सुशासन नीति र सामाजिक जवाफदेहिताका औजारहरु (सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण) कार्यविधिहरुको पूर्ण पालना गरी गाउँपालिकालाई सुशासन र सूचना मैत्री गाउँपालिकाको रुपमा परिचित गराईनेछ ।

८. सार्वजनिक सुनुवाई र समिक्षा कार्यक्रम संचालनका लागि आवश्यक बजेट व्यवस्था गरिनेछ ।

९. यस गाउँपालिकाबाट प्रवाह हुने सेवा सुविधाहरुको प्रगति तथ्यांक, त्रैमासिक,अर्धवार्षिक र वार्षिक प्रतिबेदनहरु गाउँपालिकाको वेभसाईटमा राखिने छ ।

१०. गाउँपालिकाबाट प्रबाह हुने सेवा प्रवाहलाई अझ बढी खुला पारदर्शि र जनमैत्री बनाउन आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गरि अझै प्रभावकारी बनाउने नीति अवलम्बन गरिनेछ ।

११. आगामी आर्थिक वर्षमा गाउँपालिका भित्रका सबै वडाहरुमा टोल विकास समिति गठन एवंम परिचालन गरिनेछ ।

**सामाजिक विकास समितिः**

**शिक्षाः**

**१.** यस गाउँपालिका भित्र रहेको कृषि तर्फको पढाई हुने झिमे मालिका माध्यामिक विद्यालयमा अध्ययनरत विद्यार्थिहरुको मनोबल उच्च राख्न प्रविधिसँग विद्यार्थि कार्यक्रम अन्तर्गत सबै विद्यार्थीहरुलाई प्राविधिक शिक्षा पढन लाग्ने शुल्क मध्ये एकमुष्ट पढाई अवधीभर रु १७ हजार छात्रवृति कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**२.** विद्यार्थी सँग अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**३.** टुहुरा बालबालिकाको आधारभूत शिक्षामा पहुँच सुनिश्चितताको तथा पालनपोषणको सम्पूर्ण जिम्मेवारी बहन गर्ने गरी कार्यकम संचालनमा ल्याईनेछ ।

**४.** विद्यालय शिक्षालाई प्रविधिमैत्री बनाई शिक्षण सिकाईमा रहेको असमानता कम गर्न र गुणस्तरिय शिक्षाको अभिवृद्धि गर्न एउटा वडामा एउटा नमूना विद्यालय स्थापना गर्ने अवधारणा कार्यान्वयनमा ल्याईनेछ ।

५. सामाजिक, आर्थिक एवम राजनितिक रुपमा पछाडि परेको मगरबस्तीमा मगर भाषाको संरक्षण एवम सम्बर्दन गर्ने उद्देश्यका साथ मगर (खाम) भाषा को विद्यालयमा पठनपाठनलाई निरन्तरता दिईनेछ ।

६. यस गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा कार्यरत शिक्षकलाइ गुरु दक्षिणा कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

७. विद्यालयमा साथीलाई सिक्ने सिकाउने प्रणालीको विकास गर्न प्रोत्साहन गरिनेछ ।

८. स्थानीय पाठ्यक्रमलाई कार्यान्वयनमा ल्याईनेछ ।

९. विद्यार्थीलाई पढाईप्रति सृजनशिल बनाउन विद्यालय र कक्षाकोठा आकर्षक, चिटिक्क र सफा हुन जरुरी छ । त्यसका लागि विद्यालयहरुमा **'सृजनाको स्रोत कक्षाकोठा'** अभियानलाई निरन्तरता दिईनेछ ।

१०. विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ शिक्षा समितिको गठन गरेर शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

११. सामूदायिक विद्यालयका विद्यार्थिहरुलाई लक्षित गरि गाउँपालिका स्तरिय अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ र त्यसको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१२. बालविकास केन्द्रमा कार्यरत सहजकर्ताहरुलाइ आवश्यकताका आधारमा पुनरावलोकन गर्ने निति लिइनेछ

१३. पिलेकाँडामा अनाथ टुहुरा र अति विपन्न बालबालिकाहरुलाई पठनपाठनको व्यवस्था गरिनेछ र त्यसको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

१४. माध्यमिक तह ९-१२ मा अध्ययन गरिरहेका विद्यार्थिहरुलाई लोकसेवा आयोग, शिक्षक सेवा आयोग तथा नेपाली सेना, नेपाल प्रहरी तथा अन्य सरकारी सेवामा प्रबेशको लागि पाठ्यक्रम लगायत अन्य बिबिध विषयमा अभिमुखिकरण गरिनेछ ।

१५. विद्यार्थिहरुको क्षमता विकास र बाह्य ज्ञान बढाउन पालिकास्तरिय शैक्षिक मेलाको आयोजना गरिनेछ ।

१६. शिक्षकको पारिश्रमिक सम्भव भए सम्म मासिक रुपमा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

१७. गाउँपालिका क्षेत्रभित्र उच्च शिक्षा अध्ययन गर्ने संस्थाको विकास गरी उच्च शिक्षाको अवसर गाउँपालिका भित्रै प्रदान गरिनेछ ।

१८. विद्यालय नक्शाङ्कनका आधारमा विद्यालय समायोजन,तह मिलान र दरबन्दी मिलान तथा पुनर्वितरणको कार्य गरिनेछ ।

१९. के. आई. सिंह गाउँपालिकामा स्थायी ठेगाना भई विज्ञान तथा प्राविधिक शिक्षा अध्ययन गरिहेका विद्यार्थिहरुका लागि के आई सिंह छात्रवृत्ती कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**स्वास्थ्यः**

२०. ६८ वर्ष माथीका जेष्ठ नागरिक,पूर्ण अपाङ्गता भएका व्यक्ति र गर्भवती हुन नसकी स्वास्थ्य संस्थाबाट प्रेषण भएका महिलाहरुलाई नजिकको अस्पताल सम्म एम्बुलेन्स सेवा शुल्कमा दिईदै आएको छुटलाई निरन्तरता दिईएको छ । यसको लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

२१. जनतामा गुणस्तरीय स्वास्थ्य सेवाहरुको प्रत्याभूत गर्न यस के.आई.सिंह गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन र परिचालनका लागि मानव संशाधन योजना तयार गरी कार्यान्वयन गर्न पहल गरिनेछ ।

२२. प्रत्येक वडामा रहेका स्वास्थ्य संस्थाहरुको स्तर वृद्धि गरिनेछ । त्यसका लागी आवश्यक बजेट विनियोजन गरिनेछ ।

२३. के.आई.सिंह गाउँपालिकामा स्वास्थ्य बिमा कार्यक्रमलाई उच्च प्राथमिकता दिइनेछ । राष्ट्रिय बिमा बोर्डबाट स्वास्थ्य बिमा कार्यक्रम सुरु

भइसकेपछि स्वास्थ्य बिमाबाट बिमित नहुनेलाई  गाउँपालिकाबाट कुनैपनि सहायता प्रदान गरिनेछैन ।

२४. के.आई.सिंह गाउँपालिकाको दुर्गामाण्डौ स्वास्थ्य चौकीमा डाक्टरबाट प्रदान गरिदै आएको चिकित्सकीय सेवालाई निरन्तरता दिईनेछ । त्यहाँ रहेको स्वास्थ्य प्रयोगशालालाई थप प्रभावकारी बनाई ई.सि.जि र भिडियो एक्सरे सेवा थप गरिनेछ ।

२५. के.आई.सिंह गाउँपालिकाका जनताहरुलाई सहज र समान स्वास्थ्य सेवाको पहुँचको लागि चिकित्सकिय स्वास्थ्य घुम्ती शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिईनेछ । यसका लागि विषेशज्ञ सहितको एकिकृत चिकित्सकीय स्वास्थ्य सेवा संचालनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

२६. के.आई.सिंह गाउँपालिका भित्रका सम्पूर्ण ५ वर्ष मुनिका बालबालिकाहरुले पाउनुपर्ने राष्ट्रिय खोप तालिका अनुसारको खोप पाएको सुनिश्चितता गरि  पूर्ण खोपयुक्त गाउँपालिका  दिगोपना तथा प्रमाणिकरण गरिने निति लिईने छ । साथै पोषणमैत्री स्वास्थ्य संस्था निर्माणको सुनिश्चित्तता गरिनेछ ।

२७. विद्यालयमा स्वास्थ्य शिक्षा तथा सामुदायीक स्वास्थ्य सेवा प्रवर्द्धनका लागि आवश्यक निती अवलम्बन गरिनेछ ।

२८. घरमा सुत्केरी हुने दरलाई शुन्य गर्दै संस्थागत सुत्केरी हुने दरलाई शत प्रतिशत पुर्याउने लक्ष लिईनेछ जसले गर्दा नवजात शिशु मृत्युदर र मातृ मृत्युदर घटाउन टेवा पुग्नेछ । त्यसका लागि महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२९. प्रजनन स्वास्थ्य सेवालाई थप गुणस्तरिय र पहुँचयोग्य बनाई सुरक्षित गर्भपतन सेवालाई प्रभावकारी बनाईने छ ।

३०. स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने निशुल्क औषधीहरु वर्षभरी अभाव हुन नदिने वातावरण बनाइनेछ ।

३१. गर्भवती महिलाहरुको स्वास्थ्य अवस्थामा ध्यान दिन ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३२. जेष्ठ नागरिकहरुको नियमित स्वास्थ्य जाँच गर्नका लागि प्रत्येक वडाहरुमा हुदै आएको घुम्ति स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३३. वडा नं २ मा रहेको आधारभूत स्वास्थ्य चौकी भवन निर्माण, वडा नं १ को महादेवमा आधारभूत स्वास्थ्य भवन निर्माणका लागि आवश्यक पहल गरिनेछ साथै वडा नं ६ को फलेडीमा रहेको बर्थिङ सेन्टरलाई संचालनमा ल्याईनेछ ।

**पोषणः**

३४. नेपाल सरकारको बहुक्षेत्रिय पोषण योजना कार्यान्वयनको लागि लक्षित वर्ग पहिचान गरी पोषण विशेष तथा पोषण संवेदनशिल कार्यक्रम कार्यान्वयन गरिनेछ ।

३५. पोषणमैत्री स्थानीय शासनको नीति अवलम्वन गर्दै आगामी ३ वर्ष भित्र गाउँपालिकालाई पोषणमैत्री स्थानीय तह घोषणा गर्न लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

**आयुर्वेदः**

३६. यस गाउँपालिकामा स्थापना भएको नागरिक आरोग्य सेवा केन्द्रलाई थप प्रभावकारी एवंम सुदृढ बनाउँदै लगिनेछ ।

३७. माध्यमिक विद्यालयहरुमा योगा अभ्यास कार्यक्रम संचालनलाई निरन्तरता दिईनेछ ।

३८. आयुर्वेदिक सेवालाई प्रभावकारी बनाउन गाउँघरका बुद्धिजिवि, बैद्य, वन तथा वातावरण सँग सम्बन्धित विज्ञ व्यक्तिहरु सँग समन्वय र छलफल गर्ने नीति अवलम्बन गरिनेछ ।

**संस्कृति प्रवर्द्धनः**

३९. के.आई.सिंह संग्रहालयमा प्रदर्शनका लागि राखिने साँस्कृतिक,ऐतिहासिक महत्वका कला संस्कृतिहरुको खोज,अनुसन्धानका लागि खोज,अध्ययन तथा संकलन समिति गठन गरिनेछ । खोज,अध्ययन तथा संकलनका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।

४०. के.आई.सिंह गाउँपालिकाको साँस्कृतिक रहनसहन, परम्परा, भेषभुषा तथा विशिष्टताहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न आवश्यक कार्यक्रम तर्जूमा गरिनेछ ।

४१. के.आई.सिंह गाउँपालिकाले बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुआयामिक विशेषताहरुको संरक्षण र सम्बर्द्धन गर्ने कार्यमा जोड दिइनेछ ।

**महिला बालबालिका तथा सामाजिक समावेशीकरणः**

४२. महिला, युवा, अपाङ्ग तथा बाल अधिकारको सुनिश्चिताका लागि सरकारी, गैरसरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ ।

४३. महिलाहरुको क्षमता विकास र अधिकारहरु सुनिश्चितताका लागि **महिलासँग उपाध्यक्ष** कार्यक्रमलाइ निरन्तरता दिइएको छ ।

४४. लक्षित वर्गहरुको क्षमता विकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यान्वियन गरिनेछ ।

४५. आपतकालिन महिला र बालबालिका उद्धार कोषको स्थापना गरिनेछ ।

४६. मानसिक तथा प्रजननसँग सम्बन्धित शारिरिक रोग भएका महिलाहरुको उपचारमा सहुलियत दिने निति अबलम्बन गरिनेछ ।

४७. ५० वर्ष माथिका पत्नी गुमाएका सामाजिक सुरक्षा भत्ता नपाउने पुरुषहरुलाई मासिक रु १०००का दरले प्रदान गरिदै आएको जिवन निर्वाह भत्तालाई निरन्तरता दिईएकोछ ।

४८. आमा र बुवा दुबै गुमाएका १६ वर्ष मुनिका बेसाहारा तथा टुहुरा बालबालिकाहरुलाई आधारभूत आश्यकताहरुको परिपूर्तिका लागि प्रदान गरिदै आएको मासिक रु १००० जिवन निर्वाह भत्तालाई निरन्तरता दिईएकोछ ।

४९. सामाजिक विकृतिका रुपमा रहेको छोराछोरी विचको विभेद, छाउपडि प्रथा जस्ता रुढीवादी परम्परा न्युनिकरणका लागि जनचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ ।

५०. विभिन्न लक्षित वर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायी बजेटको तर्जुमा गर ी कार्यान्वियनमा ल्याईनेछ ।

५१. महिला तथा बालबालिकामाथि हुने विभिन्न प्रकारको घरेलु हिंसाको निवारण गरिनेछ । बालश्रम शोषण, बहुविवाह र बालबिवाहलाई पूर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्री सुशासनको अवधारणालाई कार्यान्वियन गर्ने कार्यलाई थप कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।

५२. महिला तथा बालबालिकाको लागि आर्थिक, सामाजिक लगायत अन्य सशक्तिकरण, क्षमता विकास र आयआर्जन मूलक क ार्यक्रमहरु संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५३. अपाङ्गता तथा फरक क्षमता भएका व्यक्तिहरुलाई लक्षित गरी सार्वजनिक सरोकार रहने भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गमैत्री संरचना निर्माणका लागि गाउँपालिकाबाट आवश्यक कार्यक्रम तर्जूमा गरी कार्यान्यवन गरिनेछ ।

५४. श्रमिकहरुको हक अधिकार सुनिश्चित गर्न गाउँपालिका भित्र श्रमिक समूहहरु गठन गरिनेछ ।

५५. वडा तथा पालिका स्तरमा बाल क्लब,बालसंरक्षण समिति,महिला संजाल गठन गरी परिचालन गरिनेछ ।

५६. अन्तरपुस्ता हस्तान्तरण कार्यक्रम सम्बन्धी नीति अवलम्बन गरिनेछ ।

५७. विपन्न परिवारका महिला तथा एकल महिलाहरुलाई मुख्य एक चाडपर्वका बेला सहुलियत दरमा खाद्यान्न उपलब्ध गराउन आवश्यक कार्यविधि बनाई लागु गरिनेछ ।

**सरकारी तथा गैरसरकारी संघ संस्था सम्वन्धी नीतिः**

५८. एकद्वार प्रणाली मार्फत गैरसरकारी संस्थाहरुलाई यस गाउँपालिका क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैरसरकारी संघसंस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघसंस्थाहरुको कार्यक्रम, बजेट, समय तालिका, कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिईनेछ साथै गाउँ कार्यपालिकाको कार्यालयले प्रस्तावित कार्यक्रमको क्षेत्र परिवर्तन गर्न सक्नेछ र कार्यपालिकाको कार्यालयमा एक गैरसरकारी संघसंस्था अनुगमन ईकाई गठन गरी अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।

५९. के.आई.सिंह गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय  कार्यलाई प्रभावकारी बनाइनेछ ।

**खेलकूद तथा मनोरञ्जनः**

६०. के.आई.सिंह गाउँपालिकाबाट विभिन्न क्षेत्रका खेलकूद विकास गर्नका लागी वार्षिक रुपमा संचालन गरिदै आएको के.आई.सिंह गेम्स (K.I. Singh Games) लाई निरन्तरता दिईनेछ । के.आई.सिंह गेम्स आयोजना गर्न उद्यमी, व्यवसायी, संघसंस्थाहरु, आयोजक, सह-आयोजक, प्रायोजकहरुसँग समन्वय गरिनेछ ।

६१. गाउँपालिकास्तरिय अध्यक्ष कप भलिवल प्रतियोगितालाई निरन्तरता दिईनेछ ।

६२. मनोरञ्जनको क्षेत्रहरुलाई व्यवस्थित गर्न कार्यविधि तय गरिनेछ ।

६३. गाउँपालिका स्तरीय खेलकुद कार्यक्रम आयोजना गर्नका लागि गाउँपालिकाको वडा नं ४ र ५ मा रहेका खेलमैदानहरुको स्तरोन्नतीका लागि आवश्यक पहल गरिनेछ ।

अन्तमा, के.आई.सिहं गाउँपालिकाको आर्थिक,सामाजिक,साँस्कृतिक लगायतका विकासमा निरन्तर सहयोग पुर्याउने नेपाल सरकार,सुदुरपश्चिम प्रदेश सरकार, सबै करदाता र राष्ट्रिय अन्तराष्ट्रिय विकास साझेदारहरु प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै यो नीति तथा कार्यक्रम तर्जुमामा मार्ग निर्देशन गर्नुहुने गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरु,प्रमुख प्रशासकीय अधिकृत,यस गाउँपालिकाका विषयगत शाखाका प्रमुखहरु तथा सम्रग कर्मचारीहरु,विभिन्न राजनैतिक दलका प्रमुख एवम प्रतिनिधिहरु एवंम सम्पूर्ण सरोकारबालाहरुले दिनु भएको सुझावलाई पनि स्मरण गर्ने प्रयास गरेको छु । नीति तथा कार्यक्रम र बजेट छलफलका क्रममा आ-आफ्नो तर्फबाट सहयोग पुर्याउने गाउँपालिकाका सम्पूर्ण जननिर्वाचित पदाधिकारीहरु,शिक्षक,समाजसेवी,बुद्धिजिवी,पत्रकार,राजनीतिक दलका प्रमुख एवंम प्रनितिधिहरु,यस गाउँपालिकामा अहोरात्र खटिई गाउँ सभालाई सफल पार्नुहुने कर्मचारीहरु अर्थविद मित्रहरु,सुरक्षा निकायका कर्मचारीहरु र यस गाउँपालिकामा रहनु भएका सम्पूर्ण आमाबुबा,दाजुभाई तथा दिदिबहिनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै नीति तथा कार्यक्रमको सफल कार्यान्वयनमा सबै पक्षको पूर्ण सहयोग रहनेछ भन्ने पूर्ण अपेक्षा लिएको छु ।